नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ८१।८२

चलानी नं.:- १६

मिति २०८१।०४।३२

विषय : जानकारी तथा आवश्यक कार्यार्थ सम्बन्धमा।

श्री राष्ट्रपतिको कार्यालय, शितल निवास, महाराजगञ्ज ।
श्री उपराष्ट्रपतिको कार्यालय, लैनचौर ।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री खानेपानी मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार ।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरबार
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार ।
श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री रक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार ।
श्री संस्कृति, पर्यटन तथा नागरिक उडययन मन्त्रालय, सिंहदरबार ।
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं ।
श्री संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं ।
श्री सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं ।
श्री प्रदेश प्रमुखको कार्यालय, ७ वटै प्रदेश ।
श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं ।
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं ।
श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं ।
श्री लोक सेवा आयोग, अनामनगर, काठमाडौं ।
श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं ।
श्री भाषा आयोग, शङ्खमूल, काठमाडौं ।
श्री राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाडौं।
श्री राष्ट्रिय महिला आयोग, भद्रकाली, काठमाडौं ।
श्री राष्ट्रिय दलित आयोग, जावलाखेल, ललितपुर ।
श्री राष्ट्रिय समावेशी आयोग, पुल्चोक, ललितपुर ।
श्री आदिवासी जनजाती आयोग, पुल्चोक, ललितपुर ।
श्री मधेशी आयोग, ज्वागल, ललितपुर ।
श्री थारु आयोग, अनामनगर, काठमाडौं ।
श्री मुस्लिम आयोग, जावलाखेल, ललितपुर ।
श्री राष्ट्रिय सूचना आयोग, अनामनगर, काठमाडौं ।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं ।
श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर ।
श्री नेपाल ट्रष्टको कार्यालय, लाजिम्पाट, काठमाडौं ।
श्री राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार, काठमाडौं ।
श्री सार्वजनिक खरिद अनुगमन कार्यालय ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहतका सबै निकायहरु ।

प्रस्तुत विषयमा विगतदेखि हरेक वर्ष भाद्र २२ गते मनाइदै आएको निजामती सेवा दिवस यस वर्ष पनि विभिन्न कार्यक्रम आयोजना गरी उल्लासमय रुपमा मनाउने सम्बन्धमा नेपाल सरकारका मुख्यसचिव लीलादेवी गडतौलाज्यूको अध्यक्षतामा नेपाल सरकारका सचिवज्यूहरु समेतको उपस्थितिमा मिति २०८१।०२।२९ मा बसेको बैठकको निर्णयको प्रतिलिपि संलग्न गरी जानकारी तथा आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ ।

..............................
(उमेश कुमार ढकाल)
सहसचिव

Scanned with CamScanner

निर्णयहरुः

१. निजामती सेवा दिवस, २०८१ उल्लासपूर्ण रुपमा देशव्यापी मनाउने।

२. निजामती सेवा दिवस, २०८१ का अवसरमा सञ्चालन हुने कार्यक्रमहरुलाई व्यवस्थित र मर्यादित तवरले व्यवस्थापन गर्न देहाय बमोजिम मूल समारोह समिति र उपसमितिहरु गठन गर्ने।

(क) <u>निजामती सेवा दिवस मूल समारोह समिति- २०८१</u>

| | |
|---|---|
| मुख्य सचिव, नेपाल सरकार | - अध्यक्ष |
| सचिवहरु सबै (रा.प. विशिष्ट श्रेणी) सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय/निकाय | - सदस्य |
| सचिव, सङ्घीय संसद सचिवालय | - सदस्य |
| अध्यक्ष, सेवा निवृत्त विशिष्ट श्रेणीका कर्मचारीको कार्यकारी परिषद | - सदस्य |
| अध्यक्ष, सेवा निवृत्त राष्ट्र सेवक संघ नेपाल | - सदस्य |
| अध्यक्ष, पूर्व कर्मचारी सेवा परिषद नेपाल | - सदस्य |
| अध्यक्ष, निजामती कर्मचारीको आधिकारीक ट्रेड युनियन | - सदस्य |
| सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य सचिव |

<u>मूल समारोह समितिको कार्यक्षेत्रगत शर्त (Terms of Reference)</u>

(१) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहने मूल समारोह समितिको सचिवालय मार्फत आवश्यकता अनुसार निजामती सेवा दिवस मूल समारोह समितिको बैठक बोलाउने, बैठकमा आवश्यकता अनुसार अन्य सम्बन्धित पदाधिकारीहरुलाई समेत आमन्त्रण गर्न सक्ने।

(२) उपसमितिहरुको कार्यक्रम स्वीकृत गर्ने।

(३) उपसमितिहरुको कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने।

(४) आवश्यक ठानेका अन्य कार्यहरु गर्ने।

(ख) <u>निजामती सेवा दिवस कार्यक्रम संयोजन उपसमितिः</u>

| | |
|---|---|
| सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - संयोजक |
| सहसचिव, गृह मन्त्रालय | - सदस्य |
| सहसचिव, अर्थ मन्त्रालय | - सदस्य |
| सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | - सदस्य |
| सहसचिव, सहरी विकास मन्त्रालय | - सदस्य |

| | |
|---|---|
| सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| सहसचिव, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| अध्यक्ष वा प्रतिनिधि, पूर्व निजामती कर्मचारी संघ/संस्थाहरु | - सदस्य |
| अध्यक्ष, निजामती क्षेत्रका क्रियाशिल ट्रेड युनियनहरु | - सदस्य |
| सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य-सचिव |

## कार्यक्रम संयोजन उपसमितिको कार्यक्षेत्रगत शर्त (Terms of Reference)

(१) निजामती सेवा दिवस मनाउने सन्दर्भमा निजामती सेवा दिवस मूल समारोह समितिबाट भएका निर्णय एवम् निर्देशन बमोजिमका कार्यक्रमहरुको कार्ययोजना तयार गरी मूल समारोह समितिको स्वीकृति लिई कार्यान्वयन गर्ने, गराउने।

(२) निजामती सेवा दिवस-२०८१ मूल समारोह कार्यक्रमको निमन्त्रणा कार्ड तयार गर्ने तथा वितरण गर्ने, गराउने।

(३) निजामती सेवा दिवसको अवसरमा सरसफाई लगायतका कार्यहरुका लागि आवश्यक पत्राचार गर्ने, गराउने।

(४) निजामती सेवा पुरस्कार वितरणको आवश्यक व्यवस्थापन गर्ने, गराउने।

(५) निजामती सेवा दिवस २०८० मा वितरण हुन बांकी प्रमाणपत्रहरु समेत तयार गरी वितरणको प्रवन्ध गर्ने गराउने।

(६) मिति २०८१ भाद्र बाइस गते विहान सात बजेदेखि प्रभातफेरि कार्यक्रम आयोजना गर्ने।

(७) निजामती सेवा दिवस मूल समारोह कार्यक्रमको व्यवस्थापकीय भूमिका निर्वाह गर्ने।

(८) सातै प्रदेश र सबै जिल्लाहरुमा स्थानीय तह समेतको सहभागितामा सरसफाई लगायत अन्य कार्यक्रम समावेश गरी निजामती सेवा दिवस भव्य रुपमा मनाउन परिपत्र गर्ने गराउने।

(९) निजामती सेवा दिवस मनाउन आवश्यक पर्ने बजेटको प्रवन्ध गर्ने।

(१०) मिति २०८१ भाद्र २२ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा निजामती सेवा दिवस-२०८१ विशेषाङ्क प्रकाशित गर्ने।

(११) निजामती सेवा दिवस मूल समारोह समितिबाट भएका निर्णय तथा निर्देशन बमोजिम अन्य आवश्यक कार्यहरु गर्ने, गराउने।

(१२) उपसमितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(ग) अतिरिक्त क्रियाकलाप उपसमिति:

| | |
|---|---|
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - संयोजक |
| सह-रजिष्ट्रार, सर्वोच्च अदालत | - सदस्य |
| सहसचिव, राष्ट्रपतिको कार्यालय | - सदस्य |
| सहसचिव, उपराष्ट्रपतिको कार्यालय | - सदस्य |
| सहसचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग | - सदस्य |
| सहसचिव, लोक सेवा आयोग | - सदस्य |
| सहसचिव, सहरी विकास मन्त्रालय | - सदस्य |
| सहसचिव, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| सहसचिव, अर्थ मन्त्रालय | - सदस्य |
| अध्यक्ष /प्रतिनिधि, निजामती क्षेत्रका क्रियाशिल ट्रेड युनियन | - सदस्य |
| सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य-सचिव |

अतिरिक्त क्रियाकलाप उपसमितिको कार्यक्षेत्रगत शर्त (Terms of Reference)

(१) सिंहदरबार सरसफाई कार्यक्रम आयोजना गर्ने गराउने।

(२) निजामती सेवा दिवसको प्रचार प्रसार गर्ने गराउने।

(३) निजामती सेवा दिवसको नाराको विषयलाई मुख्य विषय बनाई निवन्ध प्रतियोगिता आयोजना गर्ने।

(४) कार्यालय परिसर तथा सार्वजनिक सडक क्षेत्रमा सरसफाई कार्यक्रम गर्ने।

(५) निजामती सेवाको प्रभावकारीता अधिवृद्धि सम्बन्धी उपयुक्त विषयमा खुला अन्तर्क्रिया कार्यक्रम गर्ने।

(६) उपसमितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(घ) रक्तदान तथा स्वास्थ्य कार्यक्रम उपसमिति:

| | |
|---|---|
| सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - संयोजक |
| सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | - सदस्य |
| सहसचिव, गृह मन्त्रालय | - सदस्य |
| सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | - सदस्य |
| सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य-सचिव |

रक्तदान तथा स्वास्थ्य कार्यक्रम उपसमितिको कार्यक्षेत्रगत शर्त (Terms of Reference)

(१) निजामती कर्मचारीको सहभागितामा वृहत रक्तदान कार्यक्रम सञ्चालन गर्ने गराउने।

(२) निजामती कर्मचारी अस्पताल, विभिन्न सरकारी अस्पताल र नेपाल रेडक्रस सोसाइटीसंग समन्वय गरी विभिन्न स्थानहरुमा वृहत रक्तदान कार्यक्रम आयोजना गर्ने।

(३) रक्तदान गर्ने कर्मचारीहरुलाई प्रमाणपत्र वितरणको व्यवस्था गर्ने।

(४) रक्तदाता कर्मचारीहरुको अभिलेख अद्यावधिक गरी मूल समारोह समिति समक्ष पेश गर्ने।

(५) उपसमितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(ङ) खेलकुद व्यवस्थापन उपसमितिः

| | |
|---|---|
| सचिव, युवा तथा खेलकुद मन्त्रालय | - संयोजक |
| सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| अध्यक्ष/प्रतिनिधि, निजामती सेवाका क्रियाशिल राष्ट्रियस्तरका ट्रेड युनियन | - सदस्य |
| सहसचिव, युवा तथा खेलकुद मन्त्रालय | - सदस्य-सचिव |

खेलकुद व्यवस्थापन उपसमितिको कार्यक्षेत्रगत शर्त (Terms of Reference)

(१) सचिव ११ र ट्रेड यूनियनबीच मैत्रीपूर्ण फुटबल वा अन्य कुनै खेलकुद कार्यक्रम आयोजना गर्ने।

(२) उपसमितिको प्रतिवेदन तयार गरी कार्यक्रम संयोजन उपसमितिलाई उपलब्ध गराउने।

(३) उपसमितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिने।

(४) यस उपसमितिका कार्यक्रमहरुको संयोजन र व्यवस्थापन युवा तथा खेलकुद मन्त्रालयले गर्ने। सो कार्यको लागि आवश्यक पर्ने बजेट मन्त्रालयले आफ्नो नियमित बजेटबाट नै मिलाउने।

(च) वृक्षारोपण व्यवस्थापन उपसमितिः

| | |
|---|---|
| सचिव, वन तथा वातावरण मन्त्रालय | - संयोजक |
| सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| सहसचिव, कृषि तथा पशुपन्छी मन्त्रालय | - सदस्य |
| सहसचिव, सहरी विकास मन्त्रालय | - सदस्य |
| उपाध्यक्ष, निजामती कर्मचारीको आधिकारीक ट्रेड युनियन | – सदस्य |
| अध्यक्ष वा महासचिव, निजामती क्षेत्रका क्रियाशिल ट्रेड युनियनहरु | - सदस्य |

सहसचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य-सचिव

वृक्षारोपण व्यवस्थापन उपसमितिको कार्यक्षेत्रगत शर्त **(Terms of Reference)**

(१) "एक कर्मचारी एकः फलफूलको बिरुवा" अभियानलाई मुर्तता दिन ट्रेडयुनियन तथा सरोकारवालाहरुसंगको सहकार्यमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने।

(२) हरेक सरकारी कार्यालयले कार्यालयको कम्पाउण्डमा खेर गईरहेको खाली जमिनमा तथा स्थानीय तहले उपयुक्त ठानेको सरकारी पर्ति जग्गामा हावापानी सुहाउँदो उपयुक्त तथा एकै जातको फलफूलको विरुवा रोप्न प्राथमिकता दिने।

(३) वृक्षारोपण गरिएका वृक्षहरुको रेखदेखको जिम्मा सम्बन्धित स्थानीय तहबाट हुने व्यवस्था गर्ने गराउने।

(४) अघिल्ला दिवसहरुमा भएका वृक्षारोपण कार्यक्रमको प्रगतिको जानकारी लिने र सो को संरक्षणको लागि स्थानीय तहसंग समन्वय गर्ने।

(५) वृक्षारोपण कार्यको लागि आवश्यक पर्ने बजेट सम्बन्धित निकायले आफ्नो नियमित बजेटबाट नै मिलाउने।

(६) उपसमितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिनेछ।

३. मिति २०८१ साल भाद्र २१ गतेका दिन सबै मन्त्रालय/आयोग/सचिवालय वा अन्तर्गत आ-आफ्नो निकायले कार्यालय तथा परिसर सरसफाई गर्ने।

४. प्रदेश तथा जिल्लास्तरमा समेत सरसफाई, वृक्षारोपण लगायतका विविध कार्यक्रम आयोजना गरी निजामती सेवा दिवस, २०८१ मनाउन प्रदेश सरकारका प्रमुख सचिव एवम् प्रमुख जिल्ला अधिकारीहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत पत्राचार गर्ने।

५. उपसमितिहरुले प्रतिवेदन तयार गरी कार्यक्रम संयोजन उपसमितिलाई उपलब्ध गराउने।

६. २०८१ साल भाद्र २२ गते गोरखापत्र राष्ट्रिय दैनिकमा "निजामती सेवा विशेषाङ्क" प्रकाशन गर्ने व्यवस्था सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मिलाउने।

७. निजामती सेवा दिवस २०८१ को अवसर पारेर प्रत्येक मन्त्रालय, सचिवालय/आयोग तथा विभाग र अन्तरगतका कार्यालयहरुले कम्तिमा एउटा नवप्रवर्तनीय (INNOVATIVE) कार्यको शुरुवात गर्ने गराउने।

८. निजामती सेवा दिवस २०८१ को अवसरमा सम्माननीय प्रधानमन्त्री ज्यूको प्रमुख आतिथ्यतामा २०८१ भाद्र २२ गते विहान ८:०० वजेदेखि १०:३० बजेसम्म काठमाण्डौंमा विशेष कार्यक्रम आयोजना गर्ने।

९. टंक प्रसाद घुम्ती सडक आसपासको कुनै उपयुक्त स्थान पहिचान गरी स्व. टंक प्रसाद आचार्यको सालिक स्थानान्तरण गर्न पहलकदमी लिने।